आज मिति २०८२।०७।१६ गते आइतबारको दिन यस बाणगङ्गा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव माथि छलफल गरी निर्णय गर्न निम्नानुसारको उपस्थिति रहेको छ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | लक्ष्मी बहादुर खत्री | का. वडाध्यक्ष वडा नं. १ | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष वडा नं.२ | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष वडा नं.३ | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | करुण टण्डन | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष वडा नं. ७ | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | कमल पौडेल | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष वडा नं. १० | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष वडा नं. ११ | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रावती थारु | कार्यपालिका सदस्य | |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| १९ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २१ | भक्तिराम मरासिनी | सचिव | |

बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु ।

**आ.व.०८२।८३ कार्यपालिका बैठक, मिति: २०८२।०७।१६ गते, बैठक संख्या:५ को प्रस्ताव, कार्यसूची र निर्णयहरु**

प्रस्ताव नं. ५.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,

प्रस्ताव नं. ५.२ भू उपयोग कार्यान्वयन, सिफारिस र कित्ता काट सम्बन्धमा,

प्रस्ताव नं. ५.३ एम्बुलेन्स खरिद प्रकृयाको लागि राजस्व छुटको सिफारिस सम्बन्धमा,

प्रस्ताव नं. ५.४ विविध ।

CamScanner

**मिति: २०८१।०७।१६ गते, बाणगङ्गा नगरपालिका नगर कार्यपालिका बैठक संख्या: ५ का निर्णयहरु**

**प्रस्ताव नं. ५.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,**

**निर्णय नं. ५.१** लुम्बिनी प्रदेशबाट जारी स्थानीय निजामती सेवा ऐन र नियमावली बमोजिम अध्ययन विदा तथा असाधारण विदा स्वीकृतिको लागि समिति गठन भएको, विभिन्न संघीय निकायहरुबाट स्थानीय तहहरुमा खर्च कटौती तथा खुद्रा आयोजना कार्यान्वयन को विषयमा भएका सुझावहरु प्रस्तुत गरि कार्यान्वयन गर्ने गरी निर्णय भएकोमा कार्यान्वयनको चरणमा रहेको, बाणगङ्गा नगरपालिकाको असौज मसान्त सम्मको आन्तरीक आयको विवरण शिर्षकगत सार्वजनिक गरिएको, निर्वाचन आयोगबाट यस न.पा.भित्र रहेका मतदान स्थल र केन्द्रहरु पुनरावलोकनको लागि छलफल भएको तर समय कमभएको कारण कार्यान्यवन हुन नसक्ने जानकारी पठाईएको, ढुङ्गा, गिट्टी बालुवा उत्खननको लागि प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन IEE को लागि कार्यशर्त विवरण (TOR) स्वीकृत गरिएको, सडक बत्तिको महसुलको सम्बन्धमा ध्यानाकर्षण पत्र पठाउने निर्णय भएकोमा पठाईसकिएको यि सबै विषयहरु अघिल्लो कार्यपालिकाका निर्णयहरुको कार्यान्वयनको समिक्षा अभिलेख गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ५.२ भू उपयोग कार्यान्वयन, सिफारिस र कित्ता काट सम्बन्धमा,**

**निर्णय नं. ५.२** निर्णयहरुः-

१. भू-उपयोग ऐन, २०७६, भू-उपयोग नियमावली २०७९ र भू-उपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८१ बमोजिम यस स्थानिय भू-उपयोग परिषदबाट स्वीकृत भू-उपयोग क्षेत्र बर्गिकरण सम्बन्धि मापदण्ड तथा आधारहरु २०७९ र भू-उयोगको क्षेत्रगत नकसा (जोन नक्सा) को आधारमा नापी विभागको प्राविधिक सहयोगबाट तयार भएको कित्तागत विवरण पारित गरि राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो।

२. कित्तागत विवरण भूमि व्यवस्था, सहकारी तथा गरिवि निवारण मन्त्रालय, भूमि व्यवस्था हेर्ने प्रदेश मन्त्रालय र नापी विभागमा पठाउने निर्णय गरियो।

३. भू-उपयोग सम्बन्धि थप विषयहरुलाई तपसिल बमोजिम गर्ने निर्णय गरियो

क. कित्तागत विवरण तयार गर्दा केहि प्राविधिक त्रुटि भएको पाइएमा स्थानिय भू-उपयोग परिषदबाट स्वीकृत क्षेत्रगत नक्सा (जोन नक्सा) को आधारमा नापी कार्यालयसँग समन्वय गरो भुल सुधार गर्ने ब्यावस्था मिलाउने।

ख. फाइल नक्सा बनेको कारण, कित्तानापी डाटाको प्राविधिक त्रुटिको कारणले बर्गिकरण छुट भएका कित्ताको विवरण सुचना प्राकाशनपछि भू-उपयोग परिषदबाट स्वीकृत आधार तथा मापदण्ड र क्षेत्रगत नक्साको आधारमा नापी कार्यालयसँग समन्वय गरि पुनः सुचना प्रकाशन गर्ने ब्यावस्था मिलाउने।

ग. फाइल नक्सा बनि बर्गिकरण विवरणमा कित्ता नम्बर छुट भएका कित्ताहरुको भू-उपयोग क्षेत्र वर्गिकरण गर्दा सरकारी सार्वजनिक रुपमा प्रयोग भएका कित्ताहरु सरकारी सार्वजनिक र अरु सबै कित्ताहरु आवासीय क्षेत्रमा बर्गिकरण भएको मानिने।

घ. नक्सा सिट नम्बर तथा कित्तानापी डाटाको प्राविधिक त्रुटिको कारणले यदि कुनै कित्ता भू- उपयोग क्षेत्र नक्सा भन्दा बाहिरको क्षेत्रमा बर्गिकरण रहेको पाइएमा नापी कार्यालयसँग समन्वय गरि स्पष्ट भई सिफारिस गर्ने ब्यावस्था मिलाउने।

ङ. सिफारिस दिदाँ जग्गाधनि दर्ता प्रमाणपुर्जा अनुसार साविक गा.वि.स., वडा नं सिट नं र कित्ता नं अनुसार कित्तागत विवरण रहेको वडा नं, सिट नं र कित्ता नं तिनवटै विवरण भिडाएर मात्र प्रदान गर्ने।

CamScanner

च. कित्तानापी डाटाको आधारमा भएको वडा सिमाना र हाल स्थानिय जनप्रतिनिधिले देखाए अनुसारको वडा सिमाना तथा तिनिहरुको विभाजमा केहि फरक देखिएको हुदाँ सिफारिस प्रदान गर्दा सावधानिपुर्वक बुझेर मात्र दिने ब्यावस्था मिलाउने।

छ. जोन नक्सा तयार गर्दा प्रयोग भएको image को google earth मा प्रकाशन भएको मिति २०८२ जेष्ठ सम्म जमिनमा बाटो रहेको तर त्रुटिका कारण जोन नक्सा र कित्तागत विवरणमा कृषि क्षेत्रमा वर्गिकरण भएका कित्ताहरु नापी शाखाले imageअध्ययन तथा आवश्यक परेमा फिल्ड निरिक्षण गरि वडा कार्यालयको सिफारिसको आधारमा भुल सुधार गरि आवासिय क्षेत्रमा वर्गिकरण गरि नापी कार्यालयमा पठाउने ब्यावस्था मिलाउने ।

**प्रस्ताव नं. ५.३ एम्बुलेन्स खरिद प्रकृयाको लागि राजस्व छुटको सिफारिस सम्बन्धमा,**

**निर्णय नं. ५.३** यस बाणगङ्गा नगरपालिका अन्तर्गत पिपरा अस्पतालमा सञ्चालन भईरहेको एम्बुलेन्स जिर्ण भई बेला बेलामा मर्मत सम्भार गर्नुपर्ने र समय लाग्ने भएकोले तत्काल नयाँ एम्बुलेन्सको व्यवस्था गरी आकस्मिक सेवा प्रवाहलाई सरलिकरण गर्न १७ औं नगरसभाबाट एम्बुलेन्स खरिदको लागि बजेटको विनियोजन गरिएको र उक्त एम्बुलेन्स खरिद प्रकृया अगाडी बढाउन राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ बमोजिम राजस्व सिफारिस आवश्यकता भएकोले निर्देशिकाको दफा १३ बमोजिम एम्बुलेन्समा राजस्व छुट सिफारिस माग गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ५.४ स्थानीय पाठ्यक्रम विकास समिति गठन सम्बन्धमा,**

**निर्णय नं. ५.४** यस बाणगङ्गाको स्थानीय पाठ्यक्रमको रुपमा कपिलवस्तु र बौद्ध शिक्षा नामक स्थानीय पाठ्यक्रम कक्षा ६-८ को हकमा ५० पूर्णाङ्कको मात्र निर्माण भएको र उक्त विषयको पाठ्य घण्टा ४ र स्थानीय पाठ्यक्रमको भार १०० पूर्णाङ्कको हुने हुँदा शैक्षिक वर्ष २०८३ देखी लागु हुने गरी उक्त पाठ्यक्रममा बाणगङ्गा नगरपालिकाको चिनारी, इतिहास, कला, संस्कृति, पर्यटन, खाद्यवाली, भूगोल र सूचना तथा सञ्चार प्रविधि लगायतका ५० पूर्णाङ्कको विषयवस्तु थप गरी कुल १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण तथा अन्य तहको स्थानीय पाठ्यक्रम तथा पाठ्पुस्तक विकास तथा परिमार्जन सम्वद्ध कार्य प्रयोजनका लागि देहाय बमोजिमको स्थानीय पाठ्यक्रम विकास समिति गठन गरी परिचालन गर्ने निर्णय गरियो।

**तपसिल**

| नाम थर | | पद |
|---|---|---|
| बाबुराम भट्टराई | - | पूर्व शिक्षा उप-सचिव (संयोजक) |
| केशबराज भट्टराई | - | वरिष्ठ प्रशासकीय अधिकृत (सदस्य) |
| बालाराम ज्ञवाली | - | प्रज्ञा प्रतिष्ठान कार्यकारी समिति अध्यक्ष (सदस्य) |
| रोशन घिमिरे | - | शिक्षा अधिकृत (सदस्य) |
| रमेश पन्थी | - | प्रधानाध्यापक - जनता मा.वि (सदस्य) |
| कुलराज पौडेल | - | प्रधानाध्यापक - बाणगङ्गा मा.वि (सदस्य) |
| गोबिन्द खनाल | - | सह-प्रध्यापक - सिद्धार्थ क्याम्पस, बुङ्गची |
| रोमाकान्त घिमिरे | - | प्रवन्ध निर्देशक - ज्ञानपुञ्ज बोर्डिङ्ग स्कूल (सदस्य) |
| ईश्वरी अधिकारी | - | सहायक शिक्षा अधिकृत (सदस्य-सचिव) |